महालेखापरीक्षकको
वार्षिक प्रतिवेदन
२०७९
बेलडाँडी गाउँपालिका
कन्चनपुर

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यावसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. ४१६ मितिः २०७९।३।१९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
बेलडाँडी गाउँपालिका, कन्चनपुर।

कैफियत सहितको राय

हामीले **बेलडाँडी गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु. ४८ लाख ८७ हजार बेरुजु देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ६ लाख ५८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु. १० लाख १० हजार, नियमित गर्नुपर्ने रु. ३१ लाख १९ हजार रहेको छ । गत वर्षसम्म रु.५ करोड ४५ लाख ९० हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फर्स्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु.५ करोड ३६ लाख ७ हजार रहेको छ ।यस गाउँपालिकाको बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।
२. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको,, निर्माण कार्यमा गुणस्तर परीक्षण नगरेको, उपभोक्तामार्फत जटिल संरचना निर्माण गरेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।**गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

बेलडाँडी गाउँपालिका, कन्चनपुर

बेरुजु बर्गीकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

२०७७।७८

(रु. हजारमा)

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फस्यौंट			बाँकी बेरुजु			बेरुजु						
										नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	असुल गर्नुपर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती								
४८	१८	४८८७	०	०	०	४८	१८	४८८७	६५८	३११९	१०१०	०	०	४७८७	१००

अद्यावधिक बेरुजु स्थिति

२०७७।७८

(रु. हजारमा)

गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्षको **फस्यौंट**	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
५४५९०	०	५८७०	४८७२०	०	४८८७	५३६०७

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : बेलडाँडी गाउँपालिका, कंचनपुर , बेलादंदी गाउँपालिका , कंचनपुर

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	Ganesh Datt Bhatta	२०७७-४-१	हाल सम्म कार्यरत
लेखा प्रमुख	Santosh Joshi	२०७७-४-१	
		बेरुजु रकम	४,८८७,३६५

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३,७७,४७,९४२	
आम्दानी		**खर्च**	
संघीय सरकारबाट अनुदान	२४,०५,२८,२७०	**चालु खर्च**	१८,७२,४३,६०६
प्रदेश सरकारबाट अनुदान	२,४४,१३,९२३	**पूँजीगत खर्च**	९,९५,६७,९५१
राजश्व बाँडफाँट	५,२३,१२,७८९	**वित्तीय/अन्य व्यवस्था**	११,३२,०१,२८७
आन्तरिक आय	७३,३८,५९५		
अन्य आय	७,८२,४०,३२५		
कुल आय	४०,२८,३३,९०२	**कुल खर्च**	४०,००,१२,८४४
बाँकी मौज्दात		४,०५,६९,०००	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१			**परिचय** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाँउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाँउपालिकाको उद्देश्य रहेको छ । यस गाँउपालिका अन्तर्गत ५ वडा, १५ सभा सदस्य, ३६.५४ वर्ग किलोमिटर क्षेत्रफल तथा २९४२८ जनसंख्या रहेको छ ।	
२			**छलफल** लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८। । मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :	
३			**लेखापरीक्षणको क्रममा असुली** लेखापरीक्षणको क्रममा रु ९३६३३.० असुल भई कार्यालयले दाखिला गरेको छ।	
४			**बजेट पेश र पारित** स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय सरकारले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री कमला देवी कार्की ले मिति २०७७/०३/१० गते रु. ३७ करोड ६० लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७/०३/१० मा पारित भएको छ । त्यसै गरी गाँउपालिका अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई मिती २०७७/४/१० मा बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको छन्।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५			**सूचना प्रविधि नियन्त्रण पद्दती** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली व्यवस्था (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषयमा देहाय बमोजिमको अवस्था देखियो । • कार्यालय स्वयंको नियन्त्रणमा रहेका सूचना प्रविधी पद्दतिमा सुरक्षा, अख्तियारी, भण्डारण र ब्याकअप आन्तरिक रुपले भरपर्दो छैन। • सूचना प्रविधी पद्दतिमा युजर एक्सेस व्यवस्थापन सम्बन्धित सफ्टवेयर म्यानुअल अनुसार र म. ले. प. फाराम ९०१ र ९०२ बमोजिम कार्यान्वयन गरेको छैन । • सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरेको छैन र त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको छैन। • सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको छैन।	
६			**सवारी साधन तथा मेशिनरीको अभिलेख** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि मलेप फारामको व्यवस्था गरिएकोमा कार्यालयले म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक अद्याविधक गरेको छैन। कार्यालयमा कुल सवारी साधनमा २० मोटरसाईकल, १ गाडी, १ रोलर, १ जें सि बि र १ टिपर रहेकोमा सोको प्रयोगको लगबुक अद्याविधक नभएकोले ईन्धन तथा मर्मतमा खर्च भएको रकम वास्तविक भएको यकिन गर्न सकिएन। साथै कार्यालयले म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख नराखेको कारण मर्मत खर्च उपर प्रभावकारी नियन्त्रण राखी वास्तविक खर्च हुने अवस्था मिलाउनुपर्दछ।	
७			**बजेट रकमान्तर** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २० बमोजिम कुनै एक अनुदान संकेत अन्तर्गतको बजेट उपशिर्षकमा रकम नपुग भएमा सोही ऐनमा तोकिएको कुनै एक वा एकभन्दा बढी अनुदान संकेत अन्तर्गतको उपशिर्षकमा बचत हुने रकम मध्येबाट विनियोजन ऐनमा तोकिएको सीमाभित्र रही रकमान्तर गर्न सकिने व्यवस्था रहेको छ। बेलडाँडी गाउँपालिकाको विनियोजन ऐन, २०७७/७८ को दफा ३(१) मा एक शिर्षकबाट अर्को शिर्षकमा रकमान्तर गर्दा बढीमा १० प्रतिशतसम्म गर्न सक्ने प्रावधान रहेको तथा सोही ऐनको दफा ३(३) मा १० प्रतिशतभन्दा बढी रकम एक शिर्षकबाट रकमान्तर गर्दा गाँउ सभाको स्वीकृती लिनुपर्ने व्यवस्था रहेको छ। यस गाउँपालिकामा कार्यपालिकाको निर्णय बमोजिम विभिन्न शिर्षकमा तोकिएको सिमा नाघ्ने गरी कुल रु ४ करोड ४५ लाख ५० हजार अर्थात् कुल बजेटको १३.५ प्रतिशत रकमान्तर गरी खर्च गरेको छ र सोको लागी गाउँसभाको स्वीकृती लिएको छैन। गाउँपालिकाको विनियोजन ऐनमा तोकिएको सिमाभन्दा बढी रकम रकमान्तर गरी खर्च गरेको उपयुक्त देखिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
८			**भ्रमण तथा भ्रमण अभिलेख** भ्रमण तथा भ्रमण खर्चको अभिलेख र आन्तरिक नियन्त्रणको वातावरणका आधारमा देहाय बमोजिमको अवस्था देखियो। • म. ले. प. फाराम ९०८ बमोजिम भ्रमणमा खटिने पदाधिकारी वा कर्मचारीको भ्रमण अभिलेख खाता अद्यावधिक गरी राखेको छैन। भ्रमण अभिलेख नहुँदा भ्रमणमा खर्च भएको कुल रु १०६२००.० सही र यथार्थ हो भनी एकिन गर्न सकिएन। • म. ले. प. फाराम ९०९ बमोजिम भ्रमण प्रतिवेदन पेश नगरेको कारण भ्रमणको उद्देश्य पुरा भयो भएन यकिन गर्न सकिएन।	
९			**बेरुजुको लगत** कार्यालयले बेरुजु लगत तथा विवरणको अद्यविधक गर्ने म . ले. प. फाराम ८०१ देखि ८०५ सम्मका देहायका म. ले. प. फाराम मध्ये कार्यालय यसङ्ग सम्बन्धित फारामको अभिलेख राखेको छैन। म. ले. प. फाराम ८०१ – बेरुजु लगत म. ले. प. फाराम ८०२ – बेरुजुको कार्यालयगत प्रतिवेदन म. ले. प. फाराम ८०३ – बेरुजुको केन्द्रिय कार्यालयगत लगत म. ले. प. फाराम ८०४ – बेरुजुको कार्यालयगत केन्द्रिय प्रतिवेदन म. ले. प. फाराम ८०५ – सम्परीक्षण गोश्वारा अभिलेख कार्यालयले बेरुजुको लगत अद्यावधि नगरेकोले र कार्यालयले हालसम्मको बेरुजु, फछ्र्यौट र बाँकी बेरुजुको अवस्था देखिने विवरण पाईएन ।	
१०			**राजस्व दायरा तथा अभिलेख**	
१०.१			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११(२घ) मा गाँउपालिकाको काम कर्तव्य र अधिकार अन्तर्गत स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन र राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान गर्ने रहेको छ। सो अनुसार गाउँपालिकाले राजस्वको आधार विस्तार तथा प्रवर्द्धनको लागी प्रयास गरी राजस्व संकलनको दायरा फराकिलो गर्दै लगेको पाईएन। साथै गाँउपालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन। तसर्थ राजस्वको दायरा फराकिलो पर्दै आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।	
१०.२			स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ।यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै कर संकलन नगरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन।जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन।तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
११			**आन्तरिक नियन्त्रण प्रणाली** स्थानीय सरकार सञ्चालन ऐन २०७४, आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व कानून तथा पालिकाको कारोवारको आकार, जटिलता तथा संरचना बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा, सो बमोजिम कार्यालयको देहाय बमोजिम अवस्था देखियो। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गरेको छैन। • गाउँपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको छैन। • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन। • गाउँपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक गरेको छैन। • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको छैन। • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा सो गरेको छैन। • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा सो गरेको छैन। • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार गाउँपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको छैन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन। • यस पालिकामा समाहित भएका साविक गाउँ विकास समितिहरुको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकाले कायम गरी नियमानुसार पेश्की फर्छ्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस गाउँपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन। • कार्यालयले राजस्व शाखा तथा वडागत रुपमा राजस्व आम्दानी गर्न प्रयोग भएको रसिदको आम्दानी गरेको छैन भने वितरण भएको रसिदको रसिद नियन्त्रण तथा हस्तान्तरण नभएकोले नगदी रसिदको आधारमा राजस्व आम्दानी गरेको र सो बमोजिम रकम दाखिला गरेको यकिन गर्न सकिएन। • गाउँपालिकाले अधुरा आयोजनाको समिक्षा गर्ने र सोको प्रतिवेदन गर्ने कार्य गरेको छैन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१२			**सार्वजनिक परीक्षण** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको सार्वजनिक परीक्षण गरी कार्यालयले योजना कार्यान्वयन गरेको छैन।	
१३			**न्याय सम्पादनको अवस्था** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरे बमोजिमको समितिमा परेको २५ उजुरीमा २० फर्छ्यौट भई ५ कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी रहेको छ । न्याय सम्पादन प्रकृयालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारवाही गरी टुंगो लगाउन पर्दछ ।	
१४			**गुणस्तर परीक्षण** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) बमोजिम सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नुपर्ने व्यवस्था भएकोमा कार्यालयले आपूर्ति गरिएको मालसामान तथा निर्माण कार्यको गुणस्तर परीक्षण गरेको छैन। गुणस्तर परीक्षणबिन स्वीकार भएको निर्माण कार्य तथा आपूर्ति गरिएका मालसामानबाट गुणस्तरयुक्त भए नभएको एकिन गर्न सकिएन।	
१५			**कानुन निर्माणको अवस्था** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार यस कार्यालयले हालसम्म ३४ वटा नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाएको छ । गाँउपालिकाले आफ्नो क्षेत्रअधिकारभित्रको राजश्व संकलन, नगर प्रहरी, स्थानिय तथ्याङ्क लगायतका विषयमा स्थानिय कानून तयार गरेको छैन । गाँउपालिकाले संवैधानिक व्यवस्था अनुसार स्थानिय कानून निर्माण गरेर कार्यान्वयन गरी सोहीअनुरुप सेवा प्रवाह गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ ।	
१६			**राजस्व अनुमान तथा बजेट कार्यक्रम तर्जुमा समिती**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१६.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था बमोजिम समिति गठन भएकोमा समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्नेमा सो गरेको छैन।	
१६.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार गाउँपालिकाले बजेट तथा कार्यक्रम तर्जुमा समिती गठन गरेको छैन।	
१७			**राजस्व अनुमान तथा आय**	
१७.१			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले गाउँपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । गाँउपालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ३ करोड ४९ लाख ८ हजार आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७/७८ मा रु. ७३ लाख ३८ हजार अर्थात् अनुमान भन्दा ७९ प्रतिशत कम आय प्राप्त गरेको छ । गाउँपालिकाले आर्थिक ऐनमा तोकेको संरचनाहरुको ह्रास कट्टी, वार्षिक सवारी कर, व्यवसाय कर, शैक्षिक संस्थाबाट लिईनुपर्ने शिक्षा सेवाको कर आदी स्रोतहरु पहिचान गरेतापनी राजस्व आम्दानि गरेको छैन साथै आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आन्तरिक आय बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१७.२			स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । गाँउपालिकाले आर्थिक वर्ष २०७७/७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । केन्द्रिय अनुदानबाट खर्च: २८३६२४६१६; आन्तरिक आय: ७३३८४९५; आन्तरिक आयको हिस्सा: २.५ उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २.५ प्रतिशत मात्र रहेको छ । त्यसैले गाँउपालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फध्यान दिनुपर्ने देखिन्छ ।	
१८			**बजेट अवण्डा** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले यो बर्ष रु ४१ लाख ७१ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिकाको विभिन्न मितीको निर्णयबाट चालुतर्फ विविध शीर्षकमा रु ४१ लाख ७१ हजार बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
१९			**राजस्व असुली तथा दाखिला**	
१९.१			आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी विवरणमा प्रविष्टि गर्नु पर्ने व्यवस्था छ । कार्यालयको राजस्व संकलनको सफ्टवेयरबाट प्राप्त विवरण अनुसार वडा नं २ को २०७७ श्रावणदेखी २०७८ असारसम्म रद्द गरेको कुल ८७ रसिदमा रु ३१६७८ राजस्व असुल रकम रद्द गरेको पाईयो । यस सम्बन्धमा रद्द गरिएको नगदी रसिद र सोसँग सम्बन्धित विवरण पेश नभएकोले, सोको यथार्थता छानबिन गरीनुपर्ने अन्यथा संकलन भएको राजस्व जरिवाना सहित सो अवधिको जिम्मेवार व्यक्तिबाट असुल गर्नुपर्ने रु	३१,६७८

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
१९.२			आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ५८(४) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी विवरणमा प्रविष्टि गर्नु पर्ने व्यवस्था छ । कार्यालयको राजस्व संकलनको सफ्टवेयरबाट प्राप्त विवरण अनुसार वडा नं २ को चैत्र महिनामा संकलन गरेको राजस्व रकम रु ७६३७२.० हालसम्म बैँक दाखिला गरेको छैन।आफ्नो जिम्मेवारीमा रहेको नगद सोही दिन बैँक दाखिला गर्नुपर्नेमा हालसम्म पनि नगरेकोले, सो अवधिको जिम्मेवार व्यक्तिबाट उक्त रकम नियमानुसार ब्याज समेत असुल गरि दाखिला गर्नुपर्ने रु	७६,३७२
२०			**खर्चको विश्लेषण** गाउँपालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु.७३३८५९५, राजस्व बाँडफाँड र अनुदानबाट रु.४२९४६८४५८ तथा गत बर्षको अल्या रु ३७७४७९४२ समेत रु ४४०५८१८४५ आम्दानी भएकोमा चालु तर्फ रु. १८७२४३६०६ र पूँजिगत तर्फ रु. ९९५६७९५१ तथा संघ प्रदेश फिर्ता रु ३३६३०३६६ र अन्य खर्च ७९५७०९२१ समेत रु ३२०४४१९२३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२९ प्रतिशत रहेको छ।यसबर्ष पदाधिकारी सुबिधामा रु. ५२ लाख ५० हजार खर्च भएको छ जुन आन्तरिक आयको ७१.७५ प्रतिशत रहेको छ ।गाँउपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८३.२ प्रतिशत चालु र १६.८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ।यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ।प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ।	
२१			**गाउँपालिका प्रोफायल** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था बमोजिम प्रोफाइल तयार गरी आन्तरिक आयको क्षेत्र पहिचान एवं विस्तार र लक्षित कार्यको पहिचान र प्राथमिकताको डाटा वेस तयार गर्नुपर्नेमा गरेको पाईएन।	
२२			**अनुगमन मापदण्ड** यस गाँउपालिकामा १२ वटा निजी विद्यालय रहेका छन् । पालिकाले निजी विद्यालय व्यवस्थापन र अनुगमन मापदण्ड निर्धारण गरेको छैन भने निजी विद्यालय शुल्क निर्धारण तोकिए बमोजिम गरेको छ छैन सो को अनुगमन र अनुगमन प्रतिवेदन समेत सार्वजनिक गरेको छैन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२३	१६२	२०७८-३-१८	**सामाजिक परीक्षण** कार्यक्रम कार्यान्वयन पुस्तिका,२०७७/७८ क्रियाकलाप नं २.७.१३.१० को ५.१ र ५.४ मा सामाजिक परीक्षण/लेखापरीक्षण/विद्यार्थी रिपोर्ट कार्ड/तथ्याङ्क व्यवस्थापन/बुलेटिन प्रकाशनका लागि अनुदान प्रति विद्यालय १०००० र विद्यालयले सामाजिक परीक्षण निर्देशिका २०६५ (पहिलो संशोधन २०७१ सहित) अनुसार सामाजिक परीक्षण गर्ने गराउने तथा तोकिए बमोजिमको आआफ्नो विद्यालयको Excel based को Electronic EMIS File तयार गरी विद्यार्थि रिपोर्ट कार्ड र अन्य कार्यहरू गरी विद्यालयका मुख्य मुख्य सूचक सहितका सूचना सार्वजनीकरण गर्ने तथा विद्यालयहरूले लेखा परीक्षण गरी गराई पारदर्शिता, जवाफदेहिता र विद्यालयमा हनुपने सबै प्रकारका तथ्याङ्क एवंम सूचनाहरूको व्यवस्थापनको शुनिश्चतता गराउने भनि उल्लेख गरिएको छ । यस गाँउपालिका अन्तर्गत १४ सामुदायिक विद्यालयहरुलाई उक्त शिर्षकमा रु १७००००/- निकासा गरिएको छ तर विद्यालयबाट सामाजिक परीक्षण र लेखापरीक्षण प्रतिवेदन प्राप्त नभएकोले वास्तविक सामाजिक परीक्षण/लेखापरीक्षण भए नभएको यकिन हुन सकिएन ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२४</td><td></td><td></td><td>

पेश्की बाँकी

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७४ को नियम ४७ मा पेश्की दिएको रकम म्याद भित्र फछ्र्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्र्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने **रु**

<table>
<tr><th>क्र.सं.</th><th>पेश्की लिनेको नाम</th><th>पद/ठेगाना</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td></td><td>म्याद ननाघेको पेश्की</td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td>नागार्जुन बिल्डर्स</td><td>कंचनपुर</td><td>आर सी सी रोड निर्माण खैरीघाट देखि बेलडाँडी बजार</td><td>४०००००</td></tr>
<tr><td>२</td><td>बाबाहुनैनाथ दार्चुला कन्स्ट्रक्सन</td><td>कंचनपुर</td><td>डि पि आर तयार गरी ४ नं वडा कार्यालयको डिबिसि र पर्खाल निर्माण</td><td>९३०००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>४९३०००</td></tr>
<tr><td></td><td>म्याद नाघेको पेश्की</td><td></td><td></td><td></td></tr>
<tr><td>१</td><td>राज बहादुर विष्ट</td><td>नायब सुब्बा</td><td></td><td>१०००००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१०००००</td></tr>
</table>

</td><td>१००,०००</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२५			**योजना छनौट** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । गाउँपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।	

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १०-50 लाख सम्म	50 लाख भन्दा बढी	जम्मा
९	८	५७	१२	१९	३	१०८

उपरोक्त विवरण अनुसार गाउँपालिकाले यस वर्ष रु. १ लाखसम्मका जम्मा ९ वटा योजना संचालन गरेकोमा रु.२ लाख भन्दा मुनिका मात्र ८ वटा योजनाहरु रहेका छन् । त्यसैले साना र वितरणमुखी योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृतिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा पुँजी निर्माणमा सहयोग नपुर्याउने हुनाले सामाजिक र आर्थिक रुपान्तरणमा सहयोग गर्ने खालका आयोजना छनौट गरी कार्यान्वयन तर्फ ध्यान दिनु पर्दछ।

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२६			**कन्टिन्जेन्सी खर्च** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७।७८ मा कन्टीन्जेन्सी बापत रु. २७१८००.० खर्च गरेको छ । कन्टिन्जेन्सी खर्च गर्दा कार्यालयले कार्यक्रमगत रुपमा कन्टिन्जेन्सीको अभिलेख तयार नगरेकोले कन्टिन्जेन्सी खर्च वास्तविक रुपमा योजना संचालनका निम्ती भए नभएको यकिन गर्न सकिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२७			**पदाधिकारी सेवा र सुविधा** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार गाँउपालिकाबाट देहाय बमोजिम रु. ५३०८५००/- सुविधा वापत भुक्तानी भएको छ ।	

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष.५जना	कार्यपालिकासदस्य६	सभाकासदस्य.१५	जम्मा
१	बैठकभत्ता	२४०००।००	२४००००।००	१२००००।००	१४४०००।००	३६००००।००	८८८०००।००
२	यातायातखर्च						
३	टेलिफोन,मोबाइल	७२०००।००	६००००।००	२१००००।००	२१६०००।००	३६००००।००	९१८०००।००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	६००००।००	५४०००।००	२४००००।००	२१६०००।००	३६००००।००	९३००००।००
५	समन्वयतथासहजीकरण	१०८०००।००	८४०००।००	३६००००।००	३६००००।००	५४००००।००	१४५२०००।००
६	अतिथिसत्कार	१२००००।००	१०८०००।००	८४०००।००	०	०	३१२०००।००
७	खानेपानी/बिजुली/ सरसफाई	४२०००।००	३६०००।००	१२००००।००	१४४०००।००	१८००००।००	५२२०००।००
८	चाडपर्वखर्च	२५०००।००	२२५००।००	८००००।००	५४०००।००	१०५०००।००	२१६५००।००
	जम्मा						५३०८५००/-

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
२८			**दरबन्दि तथा पद्पुर्ति** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाँउपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म २७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार ३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर पर्ने देखिन्छ। तसर्थ रिक्त पदहरु पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।	
२९			**आर्थिक सहायता** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि गाँउपालिकाले यस वर्ष त्यस्ता सुविधा १८० जनालाई रु ९००००० प्रदान गरेको छ ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३०</td><td>३८१</td><td>२०७७-१२-१२</td><td>अनुगमन भत्ता
सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ को उपदफा १ सँग समबन्धीत अनुसूची१(ख) मा निर्धारण गरेको सुविधाबाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ। कार्यालयको पदाधिकारी तथा कर्मचारीले विभिन्न कार्यक्रमको अनुगमन वापत समेत भुक्तानी गरेको पाईयो ।नपाउने अनुगमन भत्ता असुल गर्नुपर्ने रु
<table>
<tr><th>क्र.सं</th><th>गो.भौ.नं./मिति</th><th>कार्यक्रमको नाम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२६/२०७८-२-१६</td><td>बालविकास केन्द्र छनौट स्थलगत अनुगमन</td><td>४ जना</td><td>२५५००</td></tr>
<tr><td>२</td><td>२७/२०७८-२-२०</td><td>सामुदायिक तथा संस्थागत विद्यालयहरुको अनुगमन</td><td>६ जना</td><td>३८२५०</td></tr>
<tr><td>३</td><td>४६७/२०७८-२-१६</td><td>लोक सेवा कक्षा प्रशिक्षण अनुगमन</td><td>२ जना पदाधिकारी</td><td>११९००</td></tr>
<tr><td>४</td><td>४८७/२०७८-२-३०</td><td>शिप तथा व्यवसायिकता विकास तालिम अनुगमन</td><td>३ जना पदाधिकारी</td><td>५१००</td></tr>
<tr><td>५</td><td>५६७/२०७८-३-२१</td><td>कोभिड १९ तथा महिला सशक्तिकरण जनचेतना तालिम अनुगमन</td><td>५ जना पदाधिकारी</td><td>१७०००</td></tr>
<tr><td>६</td><td>६२५/२०७८-३-३०</td><td>सहकारी पल्स मनिटरिङ तथा कोपोमिस व्यवस्थापन तालिम अनुगमन</td><td>२ पदाधिकारी २ कर्मचारी</td><td>१७०००</td></tr>
<tr><td>७</td><td>३८१/२०७७-१२-१२</td><td>न्यायिक जनचेतना अभिमुखिकरण तालिम अनुगमन</td><td>७ जना पदाधिकारी</td><td>११९००</td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td></td><td>१२६६५०/-</td></tr>
</table></td><td>१२६,६५०</td></tr>
<tr><td>३१</td><td></td><td></td><td>योजना हस्तान्तरण
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयमा रही थप व्ययभार थपिन जाने देखिन्छ ।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३२			**चौमासिक खर्च** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ (१) बमोजिम बजेट तथा कार्याक्रम कार्यान्वियन गर्ने निकायले अनूसुची २ बमोजिमको ढाँचामा मासिक प्रगति विवरण तयार गरी पेश गर्नुपर्ने व्यवस्था रहेको छ भने नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार अन्तर सरकारी वित्तीय हस्तान्तरणको रकम बाहेक प्रथम चौमासिकम कुल रु ५ करोड १५ लाख ४९ हजार खर्च (१७.९७ प्रतिशत), दोश्रो चौमासिकमा रु ५ करोड ८८ लाख २४ हजार खर्च (२०.५ प्रतिशत), तेश्रो चौमासिकमा रु १७ करोड ६४ लाख ३७ हजार खर्च (६१.५१ प्रतिशत), तथा असार मसान्तमा रु ९ करोड ५९ लाख २ हजार खर्च (३३.४३ प्रतिशत) गरी कुल तीन चौमासिकमा रु २८ करोड ६८ लाख ११ हजार खर्च भएको छ। चौमासिक खर्चमा एकरुपता नहुँदा बजेट प्रणालिमा प्रतिकुल असर पर्ने, वित्तिय जोखिम रहने तथा वर्षान्तमा हतारमा खर्च भुक्तानी गर्दा वा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप तेश्रो चौमासिक तथा आषाढमा ठुलो रकम खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।	
३३			**उपभोक्ताद्वारा हेभी ईक्युप्मेन्टको प्रयोग** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । गाउँपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँपालिकाबाट सहमति लिएको पाइएन ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३४			**बार्षिक नीति कार्यक्रम कार्यान्वयन नभएको** बेलडाँडी गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रममा उल्लेखित देहायका कार्यक्रमहरु बजेटमा समावेश भएको पाईएन। बजेटमा समावेश नगरेको कारण घोषित नीति तथा कार्यक्रमको प्रगति शून्य रहेको देखिन्छ। गाउँपालिकाले घोषित नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने गरी बजेट बिनियोजन गर्नुपर्दछ। • किशोर किशोरी स्वास्थ्य सुरक्षा कार्यक्रम लागू नभएको • गाउँपालिकाबाट बाहिर रोजगारी वा वैदेशिक रोजगारीमा जाने नागरिकहरुको अनिवार्य रुपमा दुरुस्त अभिलेख राख्ने कार्यक्रम घोषणा भएकोमा सो कार्यान्वयन नभएको • वन तथा भू संरक्षण सम्बन्धि नीति कार्यान्वयन नभएको • Land Pooling Programme संचालनमा नआएको • भाषा, संस्कृति ललितकलाको संरक्षण र विकास गर्ने नीति कार्यान्वयन नभएको	
३५			**कर्मचारी करार** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर गाउँपालिकाले अमिन १ जना, सामाजिक परिचालक ३ जना, कार्यालय सहजकर्ता २ जना तथा श्रेणीबिहिन १० जना समेत १५ जना कर्मचारीहरु करारमा राखि रु ४४२७९३०.० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको सामाजिक परिचालक पदमा ३ जना, कार्यालय सहजकर्ता २ जना तथा अमिन पदमा १ जना गरी कुल ६ जना करार नियुक्ति गरी बर्षभरीमा रु. १७७५९३०.० भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु.	१,७७५,९३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
३६	५८६	२०७८-३-२४	**लागत अनुमानबिना खरिद** सार्वजनिक खरिद ऐन २०६३ को दफा ५क मा सार्वजनिक निकायले एक लाख माथिको खरिदमा लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्दछ। कार्यालयले गाउँपालिका वृत्तचित्र निर्माणको लागी मिति २०७७/११/१२ मा स्टार मिडिया नेटवर्क प्रा लिसँग सम्झौता गरी वृत्तचित्र निर्माणपश्चात्त रु ४९९५००.० भुक्तानी गरेकोमा सोको लागत अनुमान तयार गरी स्वीकृत भएको पाईएन। लागत अनुमानबिना भुक्तानि भएको रकम वास्तविक भए नभएको यकिन गर्न सकिएन। ऐनको व्यवस्था पालना नगरी भुक्तानी भएको नियमसम्मत मान्न नसकिएको रु	४९९,५००
३७			**ईन्धन खर्च** गाँउपालिकाले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक स्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ ।गाँउपालिकाले यस वर्ष इन्धन खर्च बापत कार्यालय प्रयोजनको लागि रु १३४६६६३ र पदाधिकारी प्रयोजनको लागि रु ३४९९९१ खर्च गरेको छ ।यसरी खर्च लेख्दा गाँउपालिकाले ट्रिपर,ड्रोजरले तथा अन्य सवारी साधनले के कति इन्धन खपत गरी सम्पादित कार्यको आधारमा खर्च गरेको सो एकिन गर्न सकिएन । गाँउपालिकाबाट हुने इन्धन खर्चको प्रयोग र सम्पादित कार्य खुल्ने प्रमाणित कार्य सम्पन्न प्रतिवेदनका साथै प्रयोग गरेको कार्यालयको अभिलेख र लगबुकका आधारमा इन्धन खर्च लेख्ने व्यवस्था गर्नु पर्ने र इन्धन खर्चको कामको आधारमा नर्मस स्वीकृत गरेर आन्तरिक नियन्त्रणको व्यवस्था गरी खर्चको मित्वययिता कायम हुने गरी इन्धन खर्च गर्नुपर्दछ ।	
३८			**मर्मत खर्च** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९६(१) मा मालसामान मर्मत गर्नुपर्ने भएमा सोको लागत अनुमान स्वीकृत गराउनुपर्ने र नियम ९६(३) मा पाँच हजार माथिका पार्टपूर्जा फेर्नु पर्ने भएमा सोको जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले यस वर्ष मर्मत शिर्षकमा रु १६१७१९५ खर्च गरेको छ । कार्यालयले गाडी, मोटरसाईकल मर्मतमा लागत अनुमान तयार गरी स्वीकृत गरेको छैन भने फेरीएको पार्टपुर्जाको जिन्सी दाखिला गरेको छैन।नियमावलीको व्यवस्था अनुसार लागत अनुमान तयार नभएको तथा फेरीएका पार्टपुर्जाको जिन्सी दाखिलासमेत नगरेकोले, खर्चको वास्तविकता यकिन गर्न सकिएन।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td>६१</td><td>२०७७-६-२९</td><td>नर्मस बेगर भुक्तानी
आर्थिक कार्यविध तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९ मा कुनै पनि सार्वजनिक खर्चको लागी कार्याविधि,नीति,नियम,मापदण्डमा रही गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । कार्यालयले कार्याविधि बेगर देहाय बमोजिम खर्च लेखेको अनियमति खर्च रु
<table>
<tr><th>क्र.सं.</th><th>भौ/मिति</th><th>प्रयोजन</th><th>भुक्तानी पाउनेको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>१३/२०७७-११-२०(शिक्षा चालु)</td><td>रिचार्ज कार्ड वापत</td><td>भोज ब. बोहरा</td><td>७५००</td></tr>
<tr><td>२</td><td>२६/२०७८-२-१६(शिक्षा चालु)</td><td>रिचार्ज कार्ड वापत</td><td>राम प्रसाद जैशी</td><td>७०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१४५००/-</td></tr>
</table></td><td>१४,५००</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>छाडा चौपाया व्यवस्थापन
आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९ मा कुनै पनि सार्वजनिक खर्चको लागी कार्याविधि,नीति,नियम,मापदण्डमा रही गर्नुपर्ने व्यवस्था उल्लेख गरिएको छ । कार्यालयले यस वर्ष छाडा चौपाया व्यवस्थापन अन्तर्गत रु ६६१०००/- खर्च गरेको छ । उक्त रकम खर्च गर्दा उपभोक्ता समिति मार्फत छाडा चौपाया व्यवस्थापन सार्वजनिक खरिद नियमावलि,२०६४ को पालना बेगर विभिन्न व्यवस्थापकिय साामाग्रीहरु खरिद गरेको पाईयो जस्ले गर्दा सार्वजनिक श्रोतको प्रभावकारी र मितव्ययी सदुपयोग र परिचालन भए नभएको सो सम्बन्धमा यकिन हुन सकिएन । सार्वजनिक श्रोतको खर्च गर्दा कानुनी आाधार र प्रकृयाहरु पुरा गरेर मात्र यस्ता खर्च गर्ने सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४१</td><td></td><td></td><td>गाउँपलिका भवन निर्माण
कार्यालयले गाउँपालिका भवन निर्माण कार्यको लागी मिती २०७५/१२/१३ मा वाई आर मित्र जे भिसँग रु १९३८४२९० (मू अ कर समेत) मा सम्झौता गरेको छ। सम्झौता अनुसार सो योजना सम्पन्न गर्नको लागी २०७७ जेठ मसान्तसम्म म्याद रहेकोमा उक्त अवधिमा योजना सम्पन्न नभई कार्यपालिकाको निर्णयबाट मिती २०७७ असोज मसान्तसम्म म्याद थप भएको पाईन्छ। यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्।</td><td></td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४१.१	९	२०७७-६-२७	कार्यालयल तथा निर्माण व्यवसायीबिच भएको सम्झौता अनुसार कुल रु १९३८४२९० (मू अ कर समेत) सम्झौता भएकोमा, मिति २०७७।५।१५ को कार्यालय प्रमुखको भेरिएशन आदेश बमोजिम रु २५१८२९० (मू अ कर समेत) थप भई कुल रु २१९६५५८० (मू अ कर समेत) भुक्तानी हुनुपर्नेमा, कार्यालयले अघिल्लो रनिङ्ग बिल समेत रु २२०४५५४४ भुक्तानी गरेको छ।सम्झौता तथा भेरिएशन आदेश भन्दा बढी भुक्तानी भएको रु ७९९६४.० सम्बन्धितबाट असुल गर्नुपर्ने रु	७९,९६४
४१.२	९	२०७७-६-२७	सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५४(१) बमोजिम खरिद सम्झौता गर्दाका बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिती सम्झौता कार्यान्वयनको क्रममा सिर्जना भएमा सोको स्पष्ट कारण खुलाई सार्वजनिक निकायको प्रमुखले पाँच प्रतिशतसम्म भेरिएशन आदेश स्वीकृत गर्नसक्ने व्यवस्था रहेको छ।कार्यालयले गाउँपालिका भवन निर्माणको सम्झौता रकम रु १९३८४२९० (मू अ कर समेत) मा रु २५८१२९० (मू अ कर समेत) अर्थात् १३.३१ प्रतिशत रकम थप हुने गरी भेरिएशन आदेश प्रमुख प्रशासकिय अधिकृतले मिती २०७७/५/१५ मा स्वीकृत गरी रकम भुक्तानी गरेको छ। सो निर्णयलाई गाउँकार्यपालिकाको मिती २०७७/६/१९ को निर्णयले अनुमोदन गरेको छ। भेरिएशन आदेश जारी गर्दा भेरिएसन गर्नुपर्ने प्राविधिक कारण खुलाई पुष्टि गरिएको छैन भेरिएसन गर्दा नाप नक्सा डिजाईनमा भएको परिवर्तनको आधार समेत पेश भएको छैन। पर्याप्त प्राविधिक पुष्ट्याँईबिना भेरिएसन आदेश जारी गर्नु मनासिब देखिएन।	
४१.३	९	२०७७-६-२७	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम कार्यालयले १० लाख माथिको ठेक्का अनिवार्य बिमाको व्यवस्था गर्नुपर्नेमा बोलपत्र सम्झौतामा सो व्यवस्था भएको छैन। साथै गुणस्तर परीक्षणको व्यवस्था तथा निर्मित संरचनाको गुणस्तर परीक्षण समेत गरेको छैन । नियमावलीको व्यवस्था अनिवार्य कार्यान्वयन गरिनुपर्दछ।	
४२			**नापी कार्यभन्दा बढी भुक्तानी** संघिय सरकार समपूरक अनुदान अन्तर्गत कार्यालयले झिलामिला सिँचाई घर देखी चौवन्नी बजार जोड्ने सडक निर्माण कार्यको लागी मिती २०७७/१२/३ मा आरती बिल्डर्ससँग रु ६४६८०७३ (मू अ कर समेत) मा सम्झौता गरेको छ। सम्झौता अनुसार सो योजनाको म्याद २०७८ मंसिर मसान्तसम्म रहेकोमा कार्यालयले भौ नं १३६ मिती २०७८/१/२२ मा रु २५४९६९९ (मू अ करसमेत) र भौ नं २२३ मिती २०७८/३/२५ मा रु ३९५१४२४ (मू अ कर समेत) गरी कुल रु ६५००१४० (मू अ कर समेत) भुक्तानी गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४२.१	१३६	२०७८-१-२२	सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१ख) मा बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा रकम भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले योजनाको प्रथम रनिङ्ग बिल बापत रु २५४९६९९.० (मू अ कर समेत) भुक्तानी गरेको छ। भुक्तानीको रनिङ्ग बिलमा Stone Masonary को २९९.८१ घ मी कार्य गरेबापत सम्झौता बमोजिम रु ५५०० का दरले निर्माण व्यवसायीलाई रु १६४८९५५.० मात्र भुक्तानी गर्नुपर्नेमा कार्यालयले रु १९०९४२१.० भुक्तानी गरेको छ। Stone Masonary वाल निर्माण बापत प्रमाणित कार्य भन्दा रु २६०४६६.० बढी भुक्तानी दिएको सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु	२६०,४६६
४२.२			सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ बमोजिम कार्यालयले १० लाख माथिको ठेक्का अनिवार्य बिमाको व्यवस्था गर्नुपर्नेमा बोलपत्र सम्झौतामा सो व्यवस्था भएको छैन। साथै गुणस्तर परीक्षणको व्यवस्था तथा निर्मित संरचनाको गुणस्तर परीक्षण समेत गरेको छैन । नियमावलीको व्यवस्था अनिवार्य कार्यान्वयन गरिनुपर्दछ।	
४३	२०३	२०७८-३-२५	**बाटो नभएको स्थानमा कल्भर्ट निर्माण** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(६) मा सार्वजनिक निकायले तयार गरेको लागत अनुमान त्यस्तो लागत अनुमान तयार गर्नेभन्दा एक तह माथीको प्राविधिकबाट सोको ड्रईङ्ग डिजाईन जाँच गरी कुनै त्रुटि भएमा सच्याउन लगाउनुपर्ने व्यवस्था रहेको छ। कार्यालयले वडा नं ५ कार्यालय पछाडीको सडक स्तरोन्नती कार्य अन्तर्गत बाटो ग्रावेल गर्ने तथा Double Cell Box Culvert निर्माण गर्ने गरी रु २५९२५९७ (मू अ कर बाहेक) लागत अनुमान तयार गरी योजनाको ड्रईङ्ग डिजाईन स्वीकृत गरेको छ। स्वीकृत लागत अनुमान अनुसार कार्यालयले योजनाको बोलपत्र गरी नेपाल आदर्श निर्माण सेवासँग रु २८६८९२९ (मू अ कर समेत) योजना सम्पन्न गर्ने गरी मिती २०७७/११/५ मा मा सम्झौता गरेको छ। कार्यालयले योजनाको कार्यसम्पन्न जनाई निर्माण व्यवसायीलाई रु २८५१५०५ (मू अ कर समेत) भुक्तानी गरेको छ। योजनाको स्थलगत अनुगमनको क्रममा वडा कार्यालयबाट ४६० मि सम्म मात्र बाटो ग्रावेल तथा निर्माण कार्य भएको र सोभन्दा अघि बाटो रहेको पाईएन। साथै हालको अवस्थामा बाटो नभएको स्थानमा कल्भर्टको निर्माण भई सोको लागी रु ८४४९४५ खर्च भएको छ भने हाल निर्मित संरचना प्रयोगबिहिन अवस्थामा रहेको छ। सो सम्बन्धमा व्यवस्थापनसँग छलफल गर्दा सो स्थान हुँदै बाटो अघि जोड्ने गरी हाल कल्भर्ट निर्माण गर्न कार्यपालिकाबाट रकम विनियोजन भएको जानकारी आएको छ। तर सो स्थानसम्म पुग्ने बाटो निर्माण गर्न कुनै स्रोत सुनिश्चित्त गरिएको छैन भने हाल गाउँपालिकाबाट विनियोजित बजेटमा सो सडक निर्माणको लागी बजेट व्यवस्था भएको पाईएन। सडक निर्माणको स्रोत सुनिश्चितता बिना सडक नभएको स्थानमा कल्भर्ट निर्माण गरी हाल उपयोगबिहिन अवस्थामा रहनुले स्रोतको सही उपयोग भएको मान्न सकिएन।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४४	१०	२०७८-३-२२	**म्याद थप बिना भुक्तानी** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(१) मा निर्माण व्यवसायीले सम्झौताको म्याद थप गर्न पर्ने भएमा कारण सहित म्याद थपको निवेदनको लागी एक्काईस दिन अगावै निवेदन दिनुपर्दछ। नियमावलीको नियम १२०(३) मा मनासिब कारण भएमा तोकिएको अधिकारीले म्याद थप गर्न सक्ने व्यवस्था गरेको छ। साथै नियम १२१ मा सम्झौताको अवधिभित्र योजना सम्पन्न नभएमा कार्यालयले सम्झौता रकमको १० प्रतिशत नबढ्ने गरी ०.०५ प्रतिशत प्रतिदिनको दरले निर्माण व्यवसायीबाट पूर्वनिर्धारित क्षतिपूर्ति लगाउनुपर्दछ। कार्यालयले राम गिरीको घरदेखी शिवनगर जाने सडक बाटो निर्माणको लागी मिती २०७७/१२/१५ मा श्री अमृत कन्स्ट्रक्सनसँग रु ३५७३५१.० (मू अ कर समेत) मा सम्झौता गरेको छ। सम्झौता अनुसार निर्माण व्यवसायीले मिती २०७८/२/३० मा सम्पन्न गर्नुपर्दछ। निर्माण व्यवसायीले सो निर्माण कार्यको मिती २०७८/३/२१ को निर्माण सम्पन्न गरी कार्यालयले कुल रु ३५५२६६.० भुक्तानि गरेकोमा, निर्माण व्यवसायीले योजनाको म्याद थपको लागी निवेदन दिएको छैन भने कार्यालयले पनि सोको म्याद थप बिना रकम भुक्तानी गरेको छ। नियमावलीको व्यवस्था बमोजिम म्याद थपबिना रकम भुक्तानी गर्दा पूर्वनिर्धारित क्षतिपूर्ति बापत ०.०५ प्रतिशत प्रतिदिनको दरले २१ दिनको हुन आउने रु ३७३०.० सम्बन्धित निर्माण व्यवसायीबाट असुल गर्नुपर्ने रु	३,७३०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४५	४	२०७८-२-१५	**बैजनाथ मा वि पर्खाल निर्माण** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। कार्यालयले स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत बैजनाथ मा वि झिलामिला पर्खाल निर्माण कार्यको लागी रु ९९०४२०.० (मू अ कर समेत) को लागत अनुमान स्वीकृत गरी सो कार्यको लागी बोलपत्र आह्वान गरेको छ। उक्त बोलपत्रमा लागत अनुमानभन्दा ४०.९२ प्रतिशत घटि अर्थात् रु ५८५१६२.० (मू अ कर समेत) कबोल गर्ने श्री न्यू जोशी कन्स्ट्रक्सनको बोलपत्र छनौट गरी मिती २०७७/१२/१७ मा सम्झौता गरेको छ। सो बोलपत्रमा घटी कबोल भई बचत भएको रकमबाट सोही निर्माण कार्यको लागी सोही कन्स्ट्रक्सनसँग रु ४००४३१.० (मू अ कर समेत) मा कार्यालयले मिति २०७८/१/६ मा सोझै खरिद गर्न सम्झौता गरेको छ। सो खरिद कार्यको लागत अनुमान रु ४०१४६२.३ (मू अ कर समेत) तयार भएकोमा तीन वटा फर्मसँग दरभाउ माग गरी न्यू जोशी कन्स्ट्रक्सनसँग लागत अनुमानको ०.११ प्रतिशतमात्र घटीमा सम्झौता गरी रकम भुक्तानी गरेको छ। कार्यालयले सोही योजनाको बोलत्रम मार्फत भएको सम्झौतामा ४०.९२ प्रतिशत घटिमा सम्झौता गरी कार्य गराएकोमा, सोही फर्मसँग सोही कार्यको लागी सोझै खरिद गर्दा बोलपत्रको तुलनामा रु १६४६००.० बढी रकम भुक्तानी भएको देखिन्छ । एकै कार्यको लागी फरक फरक दरभाउमा सम्झौता गरी एकै फर्मलाई एकै समयमा रकम भुक्तानी गर्दा खरिद मितव्ययी नभई रु १६४६००.० लागत बढ्न गएको रु	१६४,६००
४६			**सोझै खरिद** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझैं गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष विभिन्न शीर्षकबाट मसलन्द, कार्यालय सामान खरिद तथा विभिन्न निर्माण कार्यसमेत गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइ कोटेशनको माध्यमबाट निम्नानुसार रु १३४२१५८२.० को सोझै खरिद गरेको देखियो । कार्यालयले खरिद योजना निर्माण गरी सोको आधारमा खरिदको विधिको पहिचान गरी मितव्ययी रुपमा खरिद प्रक्रिया सम्पन्न गर्नुपर्नेमा, खरिद योजनाको तर्जुमा नगरी आवश्यकताका आधारमा सोझै खरिद गर्ने गरेकोले एकै प्रकारको सामग्री पटक पटक खरिद गर्दा सोझै खरिदको तोकिएको सिमा नाघ्ने तथा खरिद गरिएको सामग्री लागत अनुमान मूल्यकै हाराहारीमा खरिद भएको छ। खरिद ऐनको पालना गरी, खरिद योजना बमोजिम मितव्ययी तरिकाले खरिदको व्यवस्था गरिनुपर्दछ।	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td>१७०,१७१</td><td>२०७८-३-२०</td><td>सामाग्रि सोझै खरिद
सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२)मा खरिद कार्य गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्र टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था गरेको छ ।त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । गाउँपालिकाले यो वर्ष संघिय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत देहाय बमोजिम मालसामान खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइको रु.६ लाख ४९ हजार को सोझै खरिद गरेको नियमसम्मत नदेखिएको रु
<table>
<tr><th>क्र.सं.</th><th>भौ/मिति</th><th>कार्यक्रम/प्रयोजन</th><th>आपुर्तिकर्ताको नाम</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td rowspan="2">१</td><td rowspan="2">१७०/२०७८-३-२०</td><td rowspan="2">राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम, गणेश मा. वि.</td><td>ईन्टेल कम्प्युटर एण्ड इलेक्ट्रोनिक्स</td><td>१९४७००</td><td rowspan="2">एकै मितिमा खरीद गरिएको</td></tr>
<tr><td>ईन्टेल कम्प्युटर सेन्टर</td><td>४५४३००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>६४९०००/-</td><td></td></tr>
</table></td><td>६४९,०००</td></tr>
<tr><td>४८</td><td>२१०</td><td>२०७८-३-२६</td><td>भवन निर्माणको कार्यसम्पन्नबिना रकम भुक्तानी
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१ख) मा कार्यालयले निर्माण कार्यको रकम भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापीकिताबमा उल्लेख भएको वास्तविक परिमाणको आधारमा रकम भुक्तानी गर्नुपर्दछ। सरस्वती मा वि भवन निर्माणको लागी रु ३९९७८२३.० लागत अनुमान तयार गरी कार्यालयले रु ३६०००००.० भुक्तानी गर्ने गरी विद्यालयसँग सम्झौता गरेको छ। सम्झौता बमोजिम कार्यालयले प्रथम रनिङ्ग बिल मार्फत भौ.नं २१०, मिती २०७८/३/२६ बाट रु १२५३०६८ भुक्तानी गरेको छ भने भौ.नं २१६, मिती २०७८/३/२८ मा रु २४८५३९६.० भुक्तानी गरेको छ। दोश्रो रनिङ्ग बिल अनुसार लागत सहभागिता समेत रु १७२७८३६.० को मात्र कार्य नापजाँच भई बिल प्रमाणित भएकोमा लागत सहभागिता बापतको रु १९०८९६.० कट्टा गरी विद्यालयलाई रु १५३६९४०.० मात्र भुक्तानी गर्नुपर्ने, प्राविधिक नापजाँचभन्दा बढी भुक्तानी भएको रु ९४८४५६.० को कार्यसम्पन्न भएको प्रमाण पेश हुनुपर्ने अन्यथा विद्यालयबाट असुल गर्नुपर्ने रु</td><td>९४८,४५६</td></tr>
</table>

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
४९	१२	२०७८-३-२२	**ठेक्काबाट बचत भएको रकमको उपभोक्ता समितीमार्फत कार्य गराएको** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (९) मा उपभोक्ता समितीले गर्ने कार्यमा डोजर लोडर तथा ग्रेडर जस्त हेभी ईक्युपमेन्ट प्रयोग गर्न नपाउने व्यवस्था रहेको छ। कार्यालयले स्थानीय पूर्वाधार विकास कार्यक्रम अन्तर्गत रहेको राम गिरीको घरदेखि शिवनगर जाने सडक निर्माण कार्यको लागी रु ९९१०५१.० को लागत अनुमान स्वीकृत गरी सो कार्यको लागी बोलपत्र आह्वान गरेको छ।उक्त बोलपत्रमा लागत अनुमानभन्दा ६३.९ प्रतिशत घटि अर्थात् रु ३५७३५१.० (मू अ कर समेत) कबोल गर्ने श्री अमृत कन्स्ट्रक्सन, बेदकोटको बोलपत्र कबोल गरी मिती २०७७/१२/१५ मा सम्झौता गरेको छ। सो बोलपत्रमा घटी कबोल भई बचत भएको रकमबाट सोही सडक निर्माणको लागी उपभोक्तासँग रु ६३७९०५.० (लागत सहभागिता बाहेक) मा कार्यालयले सम्झौता गरेको छ। हेभि मेशिनरी प्रयोग हुने सडक निर्माण कार्य उपभोक्तलाई दिएको छ भने सोको लागी प्राविधिक पुष्ट्याँई समेत गरिएको छैन।साथै बोलपत्र मार्फत ६३.९४ प्रतिशतसम्म रकम बचत हुनेमा उपभोक्ता मार्फत लागत अनुमान बराबर नै कार्य गराउँदा रु ३६१५६४.० बराबर रकम व्ययभार पर्न गएको देखिएकोले, उपभोक्ता मार्फत कार्य गराउनु मितव्ययी समेत देखिएन।	
५०	१८१	२०७८-३-२१	**मू अ करबापत उपभोक्तालाई बढी भुक्तानी** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (४) मा उपभोक्ता समितीलाई निर्माण कार्यको भुक्तानी दिँदा लागत अनुमानमा रहेको मूल्यअभिवृद्धि कर, ओभरहेड तथा जनसहभागिताको रकम कट्टा गरेर मात्र भुक्तानी दिनु पर्दछ। कार्यालयले सिद्धचौक सामुदायिक झो पु निर्माणको लागी उपभोक्ता समितीसँग रु ११९७२००.० रकमको सम्झौता गरेको छ। सम्झौता अनुसार उपभोक्ताले मिती २०७८/२/३० मा कार्यसम्पन्न गर्नुपर्नेमा सो समयसम्म रु ५८५३३८.० को मात्र कार्यसम्पन्न भई सोही रकम कार्यालयले भुक्तानी गरेको छ। सम्झौता बमोजिम रु ६११८६२.० को कार्यसम्पन्न नहुँदै कार्यालयले रु ५८५३३८.० मात्र कार्य स्वीकार गरी रकम भुक्तानी गर्दा प्राविधिक पुष्ट्याँई गरेको छैन। साथै उपभोक्तालाई मू अ कर बापत रु १७०६६.० भुक्तानी गरेकोमा उपभोक्ताले रु ६५५३.० बराबरको मू अ कको बिजक पेश गरेको छ। मू अ कर बापत बढी भुक्तानी भएको रु ६५५३.० सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु	६,५५३
५१			**महिला सूरक्षित आवास भवन निर्मण** महिला सुरक्षित आवास भवन निर्माणका लागी कार्यालयले जनश्रमदान समेत रु २३४४३२० को लागत अनुमान तयार गरी सोको निर्माण कार्य गर्न उपभोक्तासँग मिती २०७७/९/१६ मा सम्झौता गरेको छ। सम्झौता अनुसार उपभोक्ता समितीले सोको निर्माण कार्य मिती २०७८/३/२४ मा सम्पन्न गरेको छ। यस सम्बन्धमा देहायका व्यहोरा देखिएका छन्।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५१.१	२२८	२०७८-३-२५	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितीले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल , भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनि निकायमा पेश गर्नुपर्दछ। कार्यालयले Ceiling Fan बापत उपभोक्ता समितीलाई रु १४००० भुक्तानी गरेकोमा उपभोक्ताले रु ५३७६ (मू अ कर बाहेक) को मात्र बिल पेश गरेको छ। घटी बिल पेश भएकोले बढी भुक्तानी भएको रु ८६२४.० सम्बन्धित उपभोक्ताबाट असुल गर्नुपर्ने रु	८,६२४
५१.२	२२८	२०७८-३-२५	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (१२) मा निर्माण कार्यसम्पन्न भएपछि सार्वजनिक निकायले सोको रेखदेख, मर्मत सम्भार गर्ने जिम्मेवारी समेत तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितीलाई हस्तान्तरण गर्नुपर्दछ। कार्यालयले निर्मित भवनको संरचना उपभोक्तलाई हस्तान्तरण गरेको छैन । हस्तान्तरण नगरेको कारण निर्मित संरचनाको मर्मत सम्भारको दायित्व कार्यालयले बहन गर्नुपर्ने दायित्व सिर्जना हुने देखिन्छ। साथै निर्मित भवनको संरचनाको गूणस्तर परीक्षण नभएकोले तोकिएको गुणस्तर अनुसारको कार्य भएको सम्बन्धमा आश्वस्त हुन सकिएन। ·	
५१.३	२२८	२०७८-३-२५	सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समितीले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल , भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिती वा समुदायको बैठकबाट अनुमोदन गराई सार्वजनि निकायमा पेश गर्नुपर्दछ। कार्यालयले उपभोक्ता समितीलाई Door Shutter को निर्माण तथा फटिङ्ग बापत रु ११५६४९.० भुक्तानी गरेकोमा, सोको लागी काठको मूल्य रु ६६७५५.० भुक्तानी भएको छ। उपभोक्ताले सो बापत रु ३६५९६ को मात्र बिल पेश गरेकोले काठको घटी बिल बापत रु ३०१६० को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु	३०,१६०
५२	१६४	२०७८-३-१८	**पारिश्रामिक कर** आयकर ऐन,२०५८ को दफा ८ बमोजिम अनुसूची-१(२) अनुसार वार्षिक आयमा कर गणना गर्दा एकलको हकमा (क) रु ४००००० सम्म १%, (ख) रु.४०००००-५००००० मा रु.१००००० को १०%, (ग) रु. ५००००० देखि ७००००० मा रु.२००००० को २०%,(घ) रु ७००००० देखि २०००००० मा रु १३००००० को ३०% कर लाग्ने व्यवस्थाछ। कार्यालयले देहायको कर्मचारीको उल्लेखित व्यवस्था अनुसार करकट्टि नभएकोले सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रु	९५,८८२

क्र.सं	कर्मचारीको नाम	पद	करयोग्य आय	पारिश्रामिक छुट	करयोग्य खुद रकम	कर
१	रवि रोकाया	मेडिकल अधिकृत(आठौं)	८५२९४०	४०००००	४५२९४०	९५८८२

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५३		२०७८-३-२०	**औषधि भण्डारण** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले बार्षिक रुपमा खरिद गर्ने औषधी तथा औषधीजन्य सामग्रीको गुणस्तर सुनिश्चितता गर्न आधिकारिक प्रयोगशाला परीक्षण गर्ने/गराउने तथा सो बमोजिम उक्त औषधी तथा सामग्रीहरुको निरिक्षण गराएको अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार गुणस्तर पक्षको सुनिश्चितता गर्न गुणस्तर परिक्षण गर्नुपर्दछ । कार्यालयले विभिन्न प्रकारका औषधि खरिद गरेको पाईयो तर उक्त औषधि भण्डारको व्यवस्था सो औषधीको गुणस्तरको आवश्यकता बमोजिम रहेको पाईएन जसले गर्दा औषधिको गुणस्तरमा ह्रास आई सार्वजनिक स्रोतको दुरुपयोग तथा सेवा प्रवाह नै प्रभावित हुने अवस्था पाईयो । औषधीको उचित भण्डारण तथा गुणस्तर कायम गर्न भण्डारण कक्ष(Cold Chain) को व्यवस्था गर्नुपर्दछ ।	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५४			**प्रधानमन्त्री रोजगार कार्यक्रम** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था अनुसार कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छ।कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन्।साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, फिल्ड निर्माण लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा नं ३, ४ र ५ का १३६ जनालाई रोजगारी उपलव्ध गराई रु. ५२०२०७९.० खर्च गरेको छ ।लक्षित वर्गलाई ७४ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च लेखेका छन् ।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना भएको देखिंदैन।	

वडा नं	**कार्यक्रम/योजना संचालन**	**श्रमिक संख्या**	**कुल खर्च भएको रकम**
३	५	४४	८९३३७६
४	५	५६	२६१५०११
५	२	३६	१६९३६९२
जम्मा			५२०२०७९

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५५			**वडा कार्यालयको जग्गा खरिद** जग्गा प्राप्ति ऐन, २०३४ को दफा १३(२) बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गर्दा मुआब्जा रकम निर्धारण गर्न प्रमुख जिल्ला अधिकारीसमेतको तोकिएका पदाधिकारीहरु रहेको समिति रहने र सोही समितीले निर्धारण गरेको मुआब्जा रकम बमोजिम सार्वजनिक निकायले जग्गा प्राप्ति गरेबापत सम्बन्धित जग्गाधनीलाई मुआब्जा भुक्तानी गर्नुपर्दछ। गाउँपालिकाले वडा कार्यालयको भवन निर्माण प्रयोजनार्थ जग्गा प्राप्ति गर्दा सम्बन्धित जग्गाधनिलाई निम्नानुसार रकम भुक्तानी गरेकोमा, सोको लागी उपरोक्त समितीले मुआब्जा निर्धारण गरेको छैन। कार्यालयबाट मुआब्जा निर्धारणका लागी जिल्ला प्रशासन कार्यालयमा पत्राचार भएतापनी गाउँपालिकाबाटै आवश्यक प्रक्रिया पूरा गरी जग्गा खरिद गर्ने व्यवस्था गर्ने भनी जिल्ला प्रशासन कार्यालयबाट मिति २०७७।८।१४ को च.नं. २६४० को पत्राचार भएको छ। सो बमोजिम गाउँपालिकाले जग्गाको न्यूनतम मूल्याङ्कन समितीबाट मूल्य निर्धारण गरी रु ६८८५०००.० भुक्तानी गरेको छ। सोको लागी ऐन को दफा १६ अनुसार मुआब्जा निर्धारण गर्दा विचार राख्नु पर्ने कुराहरु पालना नगरी निर्णय भएकोले, ऐनको व्यवस्था पालना गरी जग्गा प्राप्ति गर्नुपर्दछ।	

भौ.नं/मिति	क्षेत्रफल	भुक्तानी बुझिलिने जग्गाधनी	रकम
४६/२०७७/९/२३	६ कट्ठा	कविलाल जोशी	२३९७०००.०
४७/२०७७/९/२३	३ कट्ठा	पुष्पराज जोशी	२३८८०००.०
४२/२०७७/१०/६	६ कट्ठा	केशव विष्ट	२१०००००.०
	जम्मा		६८८५०००.०

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५६	२९९	२०७७-१०-२८	**क्याम्पसलाई अनुदान** गाउँपालिकाद्वारा पारित समुदायबाट संचालित गैर नाफामूलक संस्थाहरुलाई अनुदान सम्बन्धि कार्यविधि, २०७७ बमोजिम कार्यालयले रौलेश्वर जनता बहुमुखी आदर्श क्याम्पसलाई रु २००००००.० अनुदान भुक्तानी गरेको छ। अनुदान भुक्तानीसँग सम्बन्धित कार्यविधि क्याम्पसलाई भएको भुक्तानीमा देहाय बमोजिम देखिएको छ। • कार्यविधिको दफा ६.१. मा अनुदान खर्च गर्ने प्राथमिकता अनुसार अनुदान रकम खर्च गर्नुपर्नेमा क्याम्पसबाट प्राथमिकता निर्धारण नगरी तलब भत्ता भुक्तानीमा रकम खर्च गरिएको छ। • कार्यविधिको दफा ६.१.३ बमोजिम गाउँपालिकाले अनुदान परिचालनको अनूगमन तथा मूल्याङ्कन गर्नुपर्नेमा सो नगरेकोले कार्यविधिको व्यवस्था कार्यान्वयन नगरी भुक्तानी गरेको मनासिब देखिएन।	
५७	36	२०७८-३-२६	**अनुगमन भत्ता** सूदूरपश्चिम प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ को दफा ३ को उपदफा १ सँग सम्बन्धित अनुसूची १(ख) ले निर्धारण गरेको सुविधा बाहेक अन्य सुविधा लिन नपाइने व्यवस्था छ । कार्यालयको कृषि तर्फका १२ कर्मचारीहरुलाई साााना सिचाई कार्यक्रम फिल्ड अनुगमन वापत अनुगमन भत्ता भुक्तानी गरेको छ । कर्मचारीलाई अनुगमन भत्ता सम्बन्धि कुनै व्यवस्था नरहेकोले अनुगमन भत्ता वापत भुक्तानी भएको नियमसम्मत नदेखिएको रु	१५,३००
५८			**कृषि अनुदान** गाँउपालिकाले यस वर्ष कृषि अनुदान अन्तर्गत धान विउ वितरण, कृषि औजार ,च्याउको विउ , विषादि ,साना सिँचाई र गँहुको विउ खरिद गरी कुल १३ लाख लागत व्यहोरेको छ । उक्त अनुदानका कार्यक्रमका लागि लाभग्राहीहरुको छनोटको आधार तथा छनौट प्रकृयाका साथै लाभग्राहीहरुको लगत अद्यावधिक गरि के कति लाभग्राहीहरुले सम्बन्धित अनुदान कार्यक्रमहरुमा वास्तविक लाभ प्राप्त गरेको हो सो को अभिलेख राखि अनुदानका कार्यक्रमहरुलाई प्रभावकारी र मितव्ययी रुपमा खर्च गर्नुपर्दछ ।	
५९			**सामाजिक सुरक्षा**	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय	बेरुजु रकम
५९.१			सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ मा नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायमहुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको पाईएन ।मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ। यसले गर्दा लाभग्राहीको यथार्थ तथ्याङ्क एकिन गर्न सकिएन। कार्यालयले लगत कट्टी गरी विवरण समयमा अद्यावधिक गर्नुपर्नेमा सो गरेको पाईएन।	
५९.२			सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को अनुसूची ७ र ८ अनुसूची ७ मा सामाजिक सुरक्षा विशेष वचत खाता संचालन गर्ने बैंक तथा वित्तिय संस्थाले यस प्रकारका खाताहरु मध्ये निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र केन्द्रिय पञ्जिकरण बिभागलाई दिनुपर्ने साथै अनुसूची ८ को बुँदा नं. १० मा बैंकले निष्क्रिय (Dormat) खाताको विवरण प्रत्येक श्रावण र माघ महिनाभित्र सम्वन्धित स्थानीय तहलाई दिनुपर्ने व्यवस्था छ । गाँउपालिकाको सामाजिक सुरक्षा वितरण गर्दा Dormat खाताको विवरण पालिकालाई प्राप्त भएको छैन । यसले गर्दा फिर्ता हुनुपर्ने रकम फिर्ता भए नभएको यकिन गर्न सकिएन । कार्यविधिमा भएको व्यवस्था अनुसार गाँउपालिकाले उक्त बैंकसँग निष्क्रिय(Dormat) खाताको विवरण माग गरी कार्यविधिमा भएको व्यवस्था पालना गर्नुपर्दछ ।	
६०			अनुगमन तथा सम्परीक्षण स्थानीय सरकार सञ्चालन ऐनस्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फछ्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।	

गत वर्षसम्मको बेरुजु (A)	यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B)	गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B)
५४५९००००	**५८६९६५१**/-	४८७२०३४९

यस वर्ष फछ्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ।सम्परीक्षण गरिएको बेरुजुको लगत कट्टा गर्नुहनु अनुरोध गरिन्छ।

सि.नं.	आ.व.	वेरुजु दफा नं.	वेरुजुको संक्षिप्त व्यहोरा	फछ्यौंटको आधार				सम्परीक्षण
				असुली	प्रमाण	नियमित	पेश्की	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
			1.	०७६/ ७७	३३	बहाल कर	असुली				५९४७८१/-	
			2.	०७६/ ७७	७३	पेश्की रकम रक्षा कन्सट्रक्शन		**आ व २०७७/७८ को पुजिगतको गो भौ नं १० को फछ्यौंट**		पे फ	३८७०००/-	
			3.	०७६/ ७७	७३	पेश्की रकम वाई आर मित्र जे भि		आ.व २०७७-७८ को पुँजिगतको गो भौ नं ९ बाट फछ्यौंट गरेको		पे फ	७५००००/-	
			4.	०७६/ ७७	५४	विद्यालयलाई छात्रवृत्तिको लागि निकासा दिएको		निर्देशिका बमोजिम वितरण भर्पाई भएको			७७०४००/-	
			5.	०७६/ ७७	५४	सामुदायिक विद्यालयमा सेनेटरी प्याड वितरण		स्यानेटरी प्याड कार्यविधि २०७६ को २१ नं बमोजिम प्रगति प्रतिवेदन राखेको			१४१७६९/-	
			6.	०७६/ ७७	३७	शैलेश्वरी आ वि ३ कोठे भवन निर्माण		सम्झौता बमोजिम योजना			६०००००/-	

क्रम	भौचर नम्बर	भौचर मिति	बिषय									बेरुजु रकम
								सम्झौता श्रेस्ता फाँटवारी पेश गरेको				
			7.	०७६/ ७७	३८	सरस्वति जनता मा वि को अधुरी पर्खाल निर्माण		सम्झौता बमोजिम योजना सम्झौता श्रेस्ता फाँटवारी पेश गरेको			१३१५९६७/-	
			8.	०७६/ ७७	४८	सिप विकास जनचेतना तालिम/लोकसेवा तयारी/ न्यायिक जनचेतना अभिमुखिकरण तालिम कार्यक्रम		बेरुजु फछ्र्यौट भौचर संलग्न कर कट्टि पेश भएको			२२६९५/-	
			9.	०७६/ ७७	४९	एम आई एस अपरेटर र फिल्ड सहायक नियुक्ति गर्दा नर्मस भन्दा बढि भुक्तानी		बेरुजु फछ्र्यौट भौचर संलग्न कर कट्टि पेश भएको			५५५५/-	
			10.	०७५/ ७६	४९	एम आई एस अपरेटर र फिल्ड सहायक नियुक्ति गर्दा नर्मस भन्दा बढि भुक्तानी		बेरुजु फछ्र्यौट			५५५५/-	

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td>भौचर संलग्न कर कट्टि पेश भएको</td><td></td><td></td><td></td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५९४७८१/-</td><td>२८६१९४१/-</td><td></td><td>११३७०००/-</td><td>५८६९६५१/-</td></tr>
<tr><td colspan="8" align="right">कुल जम्मा</td><td>५८६९६५१/-</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>६१</td><td></td><td></td><td>अद्यावधिक बेरुजु
यस गाँउपालिकाको २०७७।७८ सम्मको फछ्यौट गर्न बाँकी बेरुजूको स्थिति देहायअनुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>५४५९००००</td><td>५८६९६५१/-</td><td>५५२२८६५/-</td><td>0.00</td><td>५४२४३२१४/-</td></tr>
</table>
</td><td></td></tr>
</table>